# आर्थिक वर्ष २०५९/०६०का लागि मार्टिन चौतारीको प्रतिवेदन

मार्टिन चौतारी २०५९ मङ्सिर ४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता भएको हो। यसभन्दा पहिले मार्टिन चौतारी सामाजिक विकास तथा अनुसन्धान केन्द्रको एउटा स्वायत्त कार्यक्रमको रुपमा सञ्चालित थियो। मङ्सिर ४ गते दर्ता भए यता प्रस्तुत यस प्रगति विवरणमा मुलत: यो मिति पछिका कामहरुको व्याख्या भए पनि प्राय: कामहरुले पहिलेदेखि कै निरन्तरता पाइरहेका हुनाले पुरानो सन्दर्भ र मिति सँगै गाँसिएर आएको छ।

## १) वातावरणीय न्याय कार्यक्रम

वातावरणीय न्याय कार्यक्रम फोर्ड फाउण्डेशनको आर्थिक सहयोगमा आर्थिक वर्ष २०५८/५९ बाट शुरु भएको हो। कार्यक्रमको संयोजक डा. जगन्नाथ अधिकारी हुनुहुन्छ भने सहयोगी अनुसन्धाता शरद घिमिरे तथा मिन वहादुर गिरी (पोखरामा आधारित) हुनुहुन्छ। २०५८ साउनदेखि २०५९ असार मसान्तसम्म कार्यक्रमको पहिलो खण्ड थियो, जुन पछि २०५९ असोज मसान्तसम्म लम्ब्याइएको थियो। २०५९ कात्तिकदेखि २०६० असोज मसान्तसम्मको दोस्रो खण्डको कार्यक्रम अहिले चल्दैछ। कार्यक्रमको मुख्य उद्देश्य प्राकृतिक स्रोत र स्वच्छ वातावरणमा हुने गरेको सरोकारवालाहरुको पहुँचमा देखिने समस्याहरुको अध्ययन/अनुसन्धान गरी 'वातावरणीय न्याय'को अवधारणा फराकिलो बनाउनु हो। यसको लागि स्थलगत अध्ययन क्षेत्र कास्की जिल्ला हो। कार्यक्रमका दुवै खण्डका उपलब्धिहरु तल दिइएका छन्।

### पहिलो खण्ड (२०५८ साउनदेखि २०५९ असोजसम्म)

१. *वातावरणीय न्यायको सन्दर्भ ग्रन्थ र वातावरणीय न्याय शब्दावली* तयार पारियो। दुवै पुस्तक क्रमश: चौतारी पुस्तक शृङ्खला ६ र ७ अन्तर्गत जगन्नाथ अधिकारी र शरद घिमिरेद्वारा सम्पादित गरिएका थिए।

२. पोखराका वातावरणीय समस्याहरु, जस्तै वायु प्रदूषण, फोहोरमैला र त्यसलाई नदी, तालमा थुप्र्याउने काम, खानेपानीको अभाव र सार्वजनिक स्थल (चौतारो, पोखरी, खुला चउर आदि)को विनाशलाई वातावरणीय न्यायको पाटोबाट अध्ययन भयो। यसवारे लेखहरु तयार पारेर स्थानीय सरोकारवालाहरुसँग छलफल/वैठक/गोष्ठी गरियो। लेखहरु जगन्नाथ अधिकारीद्वारा सम्पादित *वातावरणीय न्यायको शहरी सन्दर्भ: पोखराको एक अध्ययन* (चौतारी पुस्तक शृङ्खला ९) मा प्रकाशित छन्।

३. पोखरा वरपरका केही गाविस (धिनाल, ह्याङ्जा र लाहचोक)मा सामुदायिक वनको पहुँचमा भएका भेदभावहरुको अध्ययन गरिएको थियो। दलित र महिलावर्ग सामुदायिक वन उपभोक्ता समूहभित्र नपरेको तथ्यलाई वातावरणीय अन्यायको रुपमा सार्वजनिक वहसमा ल्याइयो।

४. पोखराका अध्ययनवाट प्राप्त वातावरणीय न्यायका समस्यालाई अगाडि ल्याउन पोखरामा २०५९ जेठमा सार्वजनिक सम्मेलन गरियो। सम्मेलनमा स्थानीय संघ/संस्था, पत्रकार, सरकारी कर्मचारी, नीति निर्माता र प्राज्ञिक निकायको संलग्नतामा चारवटा कार्यपत्र प्रस्तुत भयो।

५. पोखराका वातावरणीय न्यायका समस्याहरुको भिडियो वृत्तचित्र तयार गरी (नेपाल वातावरण पत्रकार समूहसँग मिलेर) नेपाल टेलिभिजनको आँखीभ्याल कार्यक्रममा सार्वजनिक प्रदर्शन गरिएको थियो। ३० मिनेटको वृत्तचित्रले समेटेको वषयहरुमा फेवातालको प्रदूषण, सामुदायिक वनमा जातीय भेदभाव, खानेपानीमा पहुँच नभएको, सार्वजनिक स्थलमा अतिक्रमण हुनु। अध्ययन र वृत्तचित्रलाई पछि प्रो पब्लिक तथा सार्वजनिक सरोकार केन्द्र (पोखरा)वाट ५ मंसीर २०५८मा पुनरावेदन अदालत पोखरामा दायर गरिएको सार्वजनिक मुद्दामा पनि प्रयोग गरियो।

६. कम्यूनिकेशन कर्नरसँग मिलेर वातावरणीय न्यायको सुन्ने पत्रिका तयार पारियो। यसको प्रसारण पोखराको स्थानीय एफएम रेडियोमा भएको थियो। साथै कम्यूनिकेशन कर्नरको स्रोता क्लव मार्फत् देशका विभिन्न भागमा पुऱ्याइएको थियो।

७. वहसलाई अगाडि वढाउन विभिन्न लेखहरु प्रकाशित भए।

दोस्रो खण्ड (२०५९ कात्तिकदेखि २०६० असोजसम्म, अहिले चलिरहेका)

१. पोखराका वातावरणीय न्यायका समस्या सुधार्न पैरवी शुरु गरियो। विभिन्न सरोकारवालाहरुसँग छुट्टाछुट्टै छलफल/वैठक/गोष्ठी भइरहेका छन्। यस अन्तरगत खासगरी वन उपभोक्ता समूहसँग स्थानीय स्तरमै गोष्ठी, पोखरामा नागरिक समाजका विभिर्न्न क्षेत्र (पत्रकार, शिक्षक, विद्यार्थी, स्थानीय संघ संस्थाका कार्यकर्ता)सँग केही छलफल/अन्तरक्रियाहरु भइसकेको र अफै केही कार्यक्रमहरू हुन बाँकी।

२. काठमाडौं र वाहिर विभिन्न सम्मेलन/अन्तरक्रियाको आयोजना र तिनमा सहभागिता (वातावरणीय न्याय, रैथाने ज्ञान, किसानको अधिकार विषयहरूमा) पनि भयो।

३. वातावरणीय न्यायको रिडरको तयारी जारी छ। असोज २०६० सम्ममा यो छापिने छ।

४. कृषि जैविक विविधताको रैथाने ज्ञानबारे अनुसन्धानः कास्कीको रुपाताल नजिकै भाँगरा गाउँमा रैथाने ज्ञानसम्बन्धी तथ्याङ्क जम्मा गरिएको थियो। थप अनुसन्धान बाँकी छ।

५.वातावरणीय न्यायलाई विद्यालय/विश्वविद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न/गराउन अन्तरक्रिया शुरु गरिएको छ। केही कार्यक्रम हुन बाँकी छ।

६ पोखराको वातावरणीय अन्याय सुधार्न सर्वोच्च अदालतमा सार्वजनिक मुद्दा दायर गरिएको छ। पहिला यो मुद्दा चौतारीको नाममा हाल्ने सहमति भए पनि प्राविधिक कारणले गर्दा मुद्दा जगन्नाथ अधिकारीको नामवाट दायर गरिएको छ।

२) लेखन आश्रम विद्वतवृत्ति

मार्टिन चौतारीले दोस्रो लेखन आश्रम विद्वतवृत्ति यस आर्थिक वर्षको २०५९ पुस २७ गते देखि २०५९ माघ १८ गतेसम्म धुलिखेलमा सञ्चालन गरेको थियो। पहिलो लेखन आश्रमको सफलता मुल्याङ्कन गरेपछि यसलाई निरन्तर सञ्चालन गर्ने ध्येयकासाथ यसको आयोजना भएको हो। योग्य लेखकहरुलाई लामो समयसम्म लेख्नको लागि अनुकुल वातावरण उपलब्ध गराउनु नै लेखन आश्रमको उद्देश्य हो।

२०५९ मङ्सिर ५ गतेलाई अन्तिम म्याद तोकी *कान्तिपुर* र *द हिमालयन टाइम्स*मा निकालिएको सूचनाको जवाफमा केवल १३ जना लेखकहरुले आवेदन हालेका थिए। त्यसैले आवेदनको मितिलाई २०५९ मङ्सिर २० सम्म पुनः लम्व्याएर *कान्तिपुर*मा विज्ञापन निकालिएको थियो।

मञ्जुश्री थापा, जगन्नाथ अधिकारी र भास्कर गौतमको संयोजकत्वमा चौतारीको छनौट समिति तयार गरियो। आवेदकहरुले चौतारीलाई वुफाएको निवेदनहरु कम गुणस्तरको भएको महसुस समितिले गरेको थियो। यही कारण प्राप्त आवेदनवाट केवल निम्न व्यक्तिहरु मात्र छनौट भए।

१. नेपालगञ्जका गोविन्द पाण्डे 'सरुप' सुदूर पश्चिमको देउडा गीतको सङ्कलन र समीक्षा निकाल्ने प्रस्ताव गरेका थिए।

२. चन्द्रगढी (फापा)का लक्ष्मीप्रसाद मैनालीले नेपालको दलित आन्दोलनको ऐतिहासिक विश्लेषणवारे लेख्ने प्रस्ताव थियो।

३. पाल्पामा शिक्षण पेसाका संलग्न डिल्लीराज अर्यालले साहित्य विधा तर्फ संस्मरणात्मक निवन्ध सङ्ग्रह तयार गर्ने प्रस्ताव गरेका थिए।

प्रस्तावनामा वुफाइएको नमुना पाण्डुलिपिको गुणस्तर र निवेदनको स्तरीयता नै छनौटको आधार थियो। आवेदकहरु थोरै भए पनि तिनीहरुको भौगोलिक विविधतावाट छनौट समिति प्रसन्न थियो। यसले विज्ञापनको प्रसार देशभरि थियो भन्ने पनि प्रमाणित गर्छ। तर छनौट गरिएका लेखकहरु थोरै भएकाले समूहलाई फराकिलो वनाउन साथै अलि विविध र प्रतियोगात्मक वनाउन तलका व्यक्तिहरुलाई आमन्त्रण पनि गरियो।

१. *कान्तिपुर*का वरिष्ठ सहयोगी सम्पादक नारायण वाग्ले काठमाडौंको जीवनमा आधारित साहित्यिक उपन्यास लेख्न तयार भएका थिए।

२. परिचित कथाकार भागिरथी श्रेष्ठ प्रेम र कर्तव्यको विषयमा उपन्यास लेख्न तयार हुनु भएको थियो।

३. सम्पादक र फिल्म निर्देशक केदार शर्माले *पञ्चकन्या*का काम, कर्तव्यलाई समकालीन समाजका नारी पात्रसँगको तुलनामा पटकथा लेख्न प्रस्ताव गर्नु भएको थियो।

दोस्रो लेखन आश्रमको लागि चौतारीलाई मधुसुदन र रचना कायस्थ, तीर्थराज र मैया बाबा बन्त, जितेन्द्र राउत, द गोदारी अलुम्नाई असोसिएसन र लोटस होल्डिङबाट आंशिक आर्थिक सहयोग प्राप्त भएको थियो। बाँकी नपुग रकम चौतारीले आफ्नै सञ्चीत कोषबाट बेहोरेको थियो।

३) मिडिया अनुसान्धान र विश्लेषण

मिडिया अनुसन्धान मार्टिन चौतारीले निरन्तर गर्दै आएको कार्य मध्ये पर्छ। यस वर्ष सामाजिक विकास तथा अनुसन्धान केन्द्रसँगको सहकार्यमा मार्टिन चौतारीले मिडियाको सन्दर्भ सामग्री तयार गर्ने कार्यसँगै मिडिया उत्पादन पक्ष र विषयवस्तु विश्लेषणको क्षेत्रमा केही नयाँ अनुसन्धान गऱ्यो। उत्पादन तिर विशेषत: म्यागजिन र रेडियो विषयमा केही अनुसन्धान गरिएका छन्। त्यस्तै गरिबी, बातावरणीय न्याय, एचआइभी/एड्स, महिला टेम्पो चालकको जीविकोपार्जन आदि मिडिया विश्लेषणका विषय बनेका छन्। चौतारी आफैले अनुसन्धान गरेर पुस्तक उत्पादन गर्ने कार्य बाहेक मिडियाका क्षेत्रमा कार्यरत अन्य व्यक्तिहरुको पुस्तक सम्पादन मात्र गर्ने र सम्पादन/प्रकाशन दुबै गर्ने काममा पनि चौतारी संलग्न रह्यो। यस अवधिको अनुसन्धान गर्न आंशिक रुपमा डानिडा/हुगो बाट सामाजिक विकास तथा अनुसन्धान केन्द्रलाई आर्थिक सहयोग प्राप्त भएको थियो। यसरी यस अबधिमा तल उल्लेख चारवटा पुस्तक मार्टिन चौतारीले प्रकाशन गरेको छ भने एउटा पाण्डुलिपिलाई प्रकाशन योग्य बनाएको छ।

१. *नेपाली मिडिया सन्दर्भ ग्रन्थ,* सम्पादक शेखर पराजुली, प्रत्यूष वन्त, कृष्ण अधिकारी, कोमल भट्ट र देवराज हुमागाई (चौतारी पुस्तक शृङ्खला ११)।
२. *मिडियाको चिरफार: केही सामाजिक सन्दर्भ,* सम्पादक प्रत्यूष वन्त र रमेश पराजुली (चौतारी पुस्तक शृङ्खला १२)।
३. *मिडिया अन्तरवस्तु र उत्पादन,* सम्पादक रमेश पराजुली र प्रत्यूष वन्त (चौतारी पुस्तक शृङ्खला १४, प्रेसमा)।
४. *सुदूरपश्चिमाञ्चलमा पत्रकारिता,* डा. देवी ओझा (चौतारी पुस्तक शृङ्खला १३, प्रेसमा)।
५. *मोरङमा पत्रकारिताको अर्धशताब्दी,* प्रमोद प्रधान (यस पुस्तकको पाण्डुलिपिलाई प्रकाशन योग्य मात्र बनाइएको हो)।

४) विद्युतीय सवारीको प्रवर्द्धन कार्य

काठमाडौंको बढ्दो प्रदूषण नियन्त्रणका लागि प्रदूषण रहित विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्न वायु प्रदूषण विरुद्ध सफा परिवहन कार्यक्रम वीनरक इन्टरनेशनलको 'वैकल्पिक उर्जा कार्यक्रम सहयोग केन्द्र'को आर्थिक सहयोगमा आर्थिक वर्ष २०५५/५६ बाट शुरु भएको हो । काठमाडौं उपत्यकामा गुड्ने सवारी साधनबाट हुने बायु प्रदूषण, त्यसबाट हुने असरका सत्यतथ्यलाई जनमानसमा पुऱ्याउनु, संचारका विभिन्न माध्यमलाई सामग्री उपलब्ध गराउनु, प्रदूषण विरुद्ध सार्वजनिक बहस गर्नु आदि यसका मुख्य कामहरु थिए । साथै अनुसन्धानका आधारमा सम्बन्धित सरकारी निकायहरुसँग जनस्वास्थ्यको रक्षाका निमित्त बहस-वकालत गर्दै सफा परिवहनको विकास विस्तार गर्नु नै विगतका प्रमुख कामहरु हुन् ।

यही सफा परिवहनको प्रवर्द्धन कार्य यस वर्ष पनि निरन्तर चलिरहेको छ । यस अन्तर्गत काठमाडौं बाहिर भरतपुर नगरपालिका भित्र संचालित 'उद्यमी महिला चालक विद्युतीय सवारी कार्यक्रम'लाई सघाउ पुऱ्याउनु र काठमाडौंमा बन्द अवस्थामा रहेको त्रिपुरेश्वर-सूर्यविनायक ट्रलिबस सेवा पुन संचालनका लागि वकालत गर्नु मुख्य थिए । यसका लागि सरकार, टेम्पु चालक, उत्पादनकर्ता र अन्य सरोकारवालावीच निरन्तर छलफल र अन्तरक्रिया भइरहेका छन् ।

५) चौतारी छलफल शृङ्खला

मार्टिन चौतारीको छलफल शृङ्खलामा प्रत्येक आइतवार राजनीतिक विषयमा, प्रत्येक मंगलबार विभिन्न विषयमा र प्रत्येक विहीवार मिडियासम्बन्धी विषयमा छलफल हुन्छ। मंगलबार र विहीवार पहिलेदेखि नै नियमित चलेका छलफल शृङ्खला हुन् भने २०५९ फागुन ४ देखि आइतवारको छलफल पनि थपिन पुगेको

हो। चौतारी दर्ता भएयता मंगलबार र बिहीवारको शृङ्खला अन्तर्गत ३३/३३ वटा छलफल भएका छन्। अनि अलिपछि शुरु भएको राजनीतिक शृङ्खलामा भने २४ वटा छलफल भएका छन्। आफ्नो नियमित शृङ्खला वाहेक वेलावखत चौतारीमा थप छलफल पनि हुने गर्छ। यो समयावधिमा थप चारवटा छलफल भएका छन्। साथै छलफल कै लागि चौतारीले युवा अभियान नामक संस्थालाई युवा सरोकारका विषयमा छलफल शृङ्खला चलाउन प्रत्यक शुक्रवारका लागि स्थान पनि उपलव्ध गराउँदै आएको छ। छलफलको विस्तृत सूचीको लागि हेर्नोस् अनुसूची १।

६) पुस्तक प्रकाशनको काम

मार्टिन चौतारी पुस्तक शृङ्खलामा यो वर्ष जम्मा छ वटा पुस्तक प्राकशित गरिए। चौतारी पुस्तक शृङ्खला ९, ११, १२, १३ र १४ अन्तर्गत प्रकाशित पुस्तकहरु माथि उल्लेख भइसकेका छन्। चौतारी पुस्तक शृङ्खला १० मा दीपक थापाद्वारा सम्पादित Understanding the Maoist Movement of Nepal शीर्षकको पुस्तक प्रकाशित छ। सवै पुस्तकहरु वजारमा विक्रीका लागि पठाइएका छन्। खासगरि चौतारी पुस्तक १० को विक्री उत्साहजनक छ।

७) प्रशासनिक कार्यहरु

यस आर्थिक वर्षमा निम्न प्रशासनिक निर्णयलाई तदर्थ समितिले कार्यान्वयन गरिएको छ।

- २०५९ पुस ९ गते बसेको तदर्थ समितिको निर्णय अनुसार पुल्चोकको नेविल बैंकमा प्रत्यूष वन्त र सेरा तामाङको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी मार्टिन चौतारीको बैंकिङ खाता प्रारम्भ गरियो।
- २०५९ पुस ९ गते बसेको समितिको बैठकले निवेदन आह्वान गरेर त्यसैको आधारमा नै मार्टिन चौतारीको सदस्यता दिने भनी निर्णय गरेको थियो। सबै प्रकृया पूरा गरेर १५ व्यक्तिलाई सदस्यता प्रदान गरेको घोषणा २०६० जेठ १४ गते बसेको तदर्थ समितिको बैठकले गऱ्यो (हे. अनुसूची २)।
- मार्टिन चौतारीले प्रशासनिक र अन्य नियमित कामलाई व्यवस्थित तुल्याउन यस आर्थिक वर्षमा तीन जना कर्मचारीलाई नियुक्ति दियो। शुरुमा अनौपचारिक सम्झौता गरी टाइपिङ सहयोगको लागि कैलास राईलाई नियुक्ति गरिएको थियो। पछि यस काममा हुने निरन्तरतालाई देखेर समितिले उहाँलाई टाइपिङको लागि राख्ने निर्णय गरेको छ। यसैवीच चैत महिनाको प्रारम्भवाट वीना शर्मालाई लेखामा र जेठ महिनाको प्रारम्भवाट कमला थापा खड्गीलाई रिसेप्सनमा नियुक्त गरिएको छ।
- यस आर्थिक वर्षको आय-व्यय लेखा परीक्षणको लागि तयार भएको छ। यहाँ प्रस्तुत गरिएको विस्तृत विवरण (हेर्नोस् अनुसूची ३) समयको अभावले गर्दा यसपछि मात्र औपचारिक लेखा परिक्षणको लागि जाने छ।

८) अन्य कार्यहरु

आफ्ना नियमित कार्यक्रम र अनुसन्धान वाहेक चौतारीले थप केही कार्यहरु पनि गरेको छ। पत्रपत्रिकालाई आधार वनाएर चलचित्र माथिको लेखनवारे मिडिया विश्लेषण गर्नु, राष्ट्रिय विकास सेवा (राविसे)को वारेमा पाइने सन्दर्भ सामग्रीको सूची तयार गर्ने काम र मार्टिन चौतारीको छलफल शृङ्खलाको विश्लेषण र सहभागी सर्वेक्षण यस्तै केही प्रमुख कार्यहरु मध्ये पर्छन्। फिल्म र राविसेको अध्ययन अहिले अन्तिम चरणमा पुगेका छन् भने छलफल शृङ्खलाको विश्लेषण सम्पन्न भइसकेको छ। छलफल शृङ्खला माथिको समीक्षा र सहभागी सर्वेक्षणले निकालेका सारलाई यहाँ संक्षिप्तमा प्रस्तुत गरिएको छ।

*मार्टिन चौतारी छलफल शृङ्खला: उपलब्ध रेकर्डको समीक्षा*

सन् १९९१वाट शुरु भएको मार्टिन चौतारीको छलफलको अभिलेख सेप्टेम्वर १९९५ देखिको मात्र छ। १९९७ को शुरुसम्म पाक्षिक रुपमा हुने छलफल १९९७ अप्रिल देखि प्रत्येक मंगलवार विविध विषयहरुमा हुन थाल्यो। १६ अगस्त २००१ देखि प्रत्येक विहीवार छुट्टै मिडिया छलफल शुरु भयो भने १६ फेब्रुअरी २००३ देखि प्रत्येक

आइतबार राजनीतिक विषयमा छलफल शुरु भएको छ। यस बाहेक प्रत्येक शुक्रबार युवा अभियानद्वारा सञ्चालित युवा छलफल कार्यक्रम मार्टिन चौतारीकै सभाकक्षमा जारी छ। सेप्टेम्बर १९९५ देखि २००२ का अन्त्यसम्ममा भएका छलफल श्रृंखलाहरुको समीक्षा र सन् २००२को डिसेम्बरमा छलफलका सहभागिको सर्वेक्षण गरिएको थियो।

*छलफल:* सेप्टेम्बर १२, १९९५ देखि २००२ को अन्त्यसम्म ३६५ वटा मंगलबारे छलफल कार्यक्रम र ३६ वटा मिडिया छलफल (बिहीबार) कार्यक्रम गरी जम्मा ४०१ छलफल कार्यक्रम भए। यसबाहेक केही अतिरिक्त छलफल पनि भएका थिए, जसलाई 'मंगलबारे' मै समावेश गरिएको छ।
*सहभागिता:* छलफलहरुमा जम्माजम्मी ११,१६१ जनाको सहभागिता (१०,१७३ मंगलबारेमा, ९८८ मिडिया श्रृंखलामा) थियो। महिला सहभागिता १७ प्रतिशत (औसतमा) भएको र सालअनुसार घट्दै गएको देखिन्छ। मंगलबारेमा महिला सहभागी १८ प्रतिशत र मिडिया छलफलमा १३ प्रतिशत मात्र छ। औसत सहभागिता २८ जना प्रति छलफल कार्यक्रम छ। सन् १९९८ मा ३२ जना प्रति छलफल कार्यक्रम भएको र २००१/००२ मा औसत सहभागिता घटेको छ। धेरै सहभागिता रहेको विषय 'नागरिक समाज/गैसस' हो, त्यसपछि 'महिला/लैङ्गिक', 'राजनीति, कला/साहित्य/संस्कृति' र 'मिडिया' हो। सन् २००१/०२ मा राजनितिक विषयको छलफलमा बढी सहभागिता देखिएको छ भने कम सहभागिता 'इतिहास' र 'विज्ञान/प्रविधि' विषयमा छ।

*वक्ता:* जम्माजम्मी ४०१ वटा छलफलमा ५५३ बक्ता थिए, जसमध्ये ५७ जना (१०.३%) महिला थिए। महिला बक्ता क्रमश: घट्दै गएको देखिन्छ। सन् १९९८ मा १९% बाट २००२ मा ५.६%।

*छलफलका विषयहरू:* सबैभन्दा बढी छलफल 'कला/संस्कृति/साहित्य' विषयमा भएको थियो (७५ वटा/२०.५%)। त्यसपछि क्रमश: 'स्वास्थ्य/शिक्षा/खाद्य' (५० वटा/१४%), र 'विकास' (४४वटा/१३.७%) र 'राजनीति' (४१ वटा/११.२%) विषयमा बढी छलफल भएको थियो (हुनत धेरै छलफलहरुको विषय ठ्याक्कै छुट्याउन गाह्रो छ, त्यो स्थितिमा बक्ताको आधारमा विषय छुट्याउन खोजीएको छ)। सबभन्दा कम छलफल 'विज्ञान/प्रविधि' र 'इतिहास' विषयमा भएको छ। बर्ष अनुसार छलफलको विषयहरुको खास सम्वन्ध देखिँदैन।
यो समीक्षा पछि देखिएका कमजोरीहरुलाई सुधार्न मार्टिन चौतारीले महिनाको एउटा छलफल जेण्डर विषयमा गर्ने काम थालिसकेको छ। महिला बक्ताहरुको उपस्थिति बढाउन पनि मार्टिन चौतारी प्रयासरत छ।

९) गर्न नसकिएका कामहरु

क) विनियम: कर्मचारी नियुक्ति र सुविधा, सामान खरिद गर्ने र अन्य विषयमा मार्टिन चौतारीको स्पष्ट नीति हुनको लागि विनियम बनाउने भन्ने कुरा भए पनि त्यसो गर्न तदर्थ समितिले भ्याएन। त्यो गर्नु पर्ने देखिन्छ।

ख) पुस्तक प्रकाशनको आन्तरिक क्षमता बृद्धि भए पनि त्यसको बिक्री र वितरणको लागि चाहिने आवश्यक संयन्त्र तयार गर्ने कुरा भए पनि त्यसो गर्न तदर्थ समितिले भ्याएन। त्यो पनि गर्नु पर्ने देखिन्छ।

१०) २०५९ मङ्सिर ४ गते दर्ता हुँदाको तदर्थ समिति

| | |
|---|---|
| अध्यक्ष: | प्रत्यूष वन्त |
| उपाध्यक्ष: | मञ्जुश्री थापा |
| सचिव: | विकास पाण्डे |
| कोषाध्यक्ष: | सेरा तमाङ |
| सदस्य: | जगन्नाथ अधिकारी, रत्नसंसार श्रेष्ठ, भास्कर गौतम |